# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २०२ | बुटवल | २०८३ साउन १४ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday July 30, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## ९ दलद्वारा शान्ति र सद्भावको सामूहिक अपिल



बुटवल । सुनसरीलगायतका जिल्लामा विकसित घटनालाई लिएर राजनीतिक दलहरूले शान्ति र सद्भावको सामूहिक अपिल जारी गरेका छन् । रास्वपा सभापति रवि लामिछानेले डाकेको बैठकपछि ९ दलका प्रमुख तथा प्रतिनिधिले ७ बुँदे अपिल निकालेका हुन् ।

संयुक्त अपिलमा राष्ट्रिय एकता र सामाजिक सद्भावको रक्षाका लागि सबै दलहरू एकताबद्ध रहेको सन्देशसहित उत्पन्न समस्याको दिगो, प्रभावकारी एवं शान्तिपूर्ण समाधानका लागि सरकार र समाजलाई हरसम्भव सहयोग गर्न तयार रहेको संकल्प गरिएको छ ।

'सदियौंदेखि हाम्रो समाजमा कायम रहेको पारस्पारिक भाइचारा र सामाजिक सद्भावलाई खल्बल्याउने कुनै पनि प्रकारका अवाञ्छित गतिविधि र उत्तेजनामा नआउन हामी सम्पूर्ण देशवासी आम नागरिकहरूमा हार्दिक अपिल गर्दछौं । आवेग र मुठभेडले समस्याको समाधान नभई थप जटिलता मात्र निम्त्याउने यथार्थप्रति हामी सबै सचेत हुनु जरुरी छ ।'-दलहरूले भनेका छन् ।

प्रदेश, जिल्ला र स्थानीय तहमा तत्काल सर्वदलीय तथा सर्वपक्षीय बैठकहरू आयोजना गर्न, संवादलाई तल्लो तहसम्म पुऱ्याउन र नागरिकस्तरमा विश्वासको वातावरण निर्माण गर्न पार्टीका तल्ला कमिटीहरूलाई निर्देशन दिइएको छ । स्थानीय स्तरमा धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रशासनलाई जोडेर शान्ति कायम राख्न सक्रिय हुन पनि आग्रह गरिएको छ ।

संवेदनशील समयमा सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्न नागरिकलाई अनुरोध गरिएको छ साथै सञ्चारमाध्यमहरूलाई संयमित र तथ्यपरक सूचना सम्प्रेषणका लागि आग्रह गरिएको छ ।

नागरिकको जीउधनको रक्षा गर्नु राज्यको दायित्व भएकोले संयमता अपनाउँदै परिस्थितिलाई सामान्यीकरण गर्न, घटनाहरूको निष्पक्ष छानबिन गरी दोषीउपर कानुनबमोजिम कारबाही गर्न र पीडित पक्षलाई उचित क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण पनि गराइएको छ । बैठकपछि नेपाली कांग्रेसका सभापति गगन थापाले सरकार केवल गोली, लाठी र स्टाटसमा मात्रै सीमित हुन नहुने बताएका छन् । उनले संकटमा सरकारको भूमिका प्रभावकारी नभएको बताए । सभापति थापाले जिल्ला स्तरमा समेत सर्वदलीय बैठक गरेर संयुक्त आह्वान गर्नुपर्ने प्रस्ताव राखेको बताए ।

'सरकार के गर्दैछ ? कहाँ छ ? सरकार बन्दुकको गोली र लाठीमा सीमित हुनु हुँदैन ।

» बाँकी ३ पेजमा

## सरकार र चिकित्सक संघबिच पाँचबुँदे सहमति

बुटवल । सरकार र चिकित्सक संघबिच सहमति भएको छ । साथै, चिकित्सक संघले देशभर जारी राखेको आन्दोलनका कार्यक्रम पनि फिर्ता भएको छ ।

स्वास्थ्यकर्मीमाथि भएका कुटपिट तथा दुर्व्यवहारका घटनापछि उत्पन्न विवाद समाधानका लागि सरकार र चिकित्सक संघबिच पाँचबुँदे सहमति भएको हो ।

बुधबार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा नेपाल चिकित्सक संघका पदाधिकारीबिच भएको छलफलपछि सहमतिपत्रमा हस्ताक्षर गरिएको हो ।

सहमतिअनुसार सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ । ऐनमा रहेका व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक निर्देशिका छिट्टै तयार गर्ने, स्वास्थ्य संस्थामा हुने तोडफोड तथा स्वास्थ्यकर्मीमाथि हुने आक्रमणका घटनामा कानुनी कारबाही प्रभावकारी बनाउने तथा सम्बन्धित मन्त्रालयबिच आवश्यक समन्वय गर्ने सहमति भएको छ ।

यस्तै, स्वास्थ्य संस्थाको सुरक्षा सुनिश्चित गर्न कार्ययोजना तयार गरी नेपाल चिकित्सक संघसँगको सहकार्यमा एक कार्यदल गठन गर्ने र कार्यान्वयनको प्रगति नियमित समीक्षा गर्ने पनि सहमतिमा उल्लेख छ ।

सहमतिपछि नेपाल चिकित्सक संघले जारी राखेको आन्दोलनका सबै कार्यक्रम तत्कालका लागि स्थगित गर्दै नियमित स्वास्थ्य सेवा सञ्चालन गर्ने सहमति भएको छ ।

### प्यूठानका स्थानीय तह :

## २८९ मुद्दा, २३४ फस्र्यौट, ५५ विवादमै

**स्थानीय तहको स्थापनाले सामाजिक न्यायमा नागरिकको पहुँच विस्तार, विवादको छिटो समाधान र मेलमिलाप संस्कृतिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। प्यूठानका स्थानीय तहमा मेलमिलापबाट अधिकांश विवाद समाधान भए पनि न्यायिक समितिमा कानुनी दक्षता, स्रोत–साधन र समयमै फस्र्यौटको चुनौती भने कायमै रहेको छ।**



**लवकुमार अधिकारी**

*प्यूठान*

स्थानीय तह स्थापना भएपछि नागरिकलाई गाउँ-नगरमै न्याय सेवा उपलब्ध गराउने उद्देश्यले गठन गरिएका न्यायिक समितिहरूले प्युठानमा सामाजिक न्यायको पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । स्थानीय स्तरमै अधिकांश विवाद मेलमिलापबाट समाधान भइरहेका भए पनि न्यायिक समितिको क्षमता अभिवृद्धि, कानुनी दक्षता, स्रोत-साधनको अभाव र समयमै मुद्दा फस्र्योट गर्न नसक्ने प्रवृत्तिले प्रभावकारितामा चुनौती देखिएको छ ।

नेपालको संविधानको धारा २१७ बमोजिम प्रत्येक नगरपालिका तथा गाउँपालिकामा उप-प्रमुखको संयोजकत्वमा न्यायिक समिति गठन हुने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक समितिलाई १३ प्रकारका देवानी प्रकृतिका विवाद र ११ प्रकारका मेलमिलापमार्फत समाधान गर्न सकिने विवाद निरुपण गर्ने अधिकार दिएको छ । कानुनअनुसार मेलमिलापयोग्य उजुरी तीन महिनाभित्र टुंगो लगाउनुपर्ने व्यवस्था छ ।

आर्थिक वर्ष २०८१/०८२ मा र जिम्मेवारी सरि आएका उजुरी प्यूठानका नौ स्थानीय तहमा कुल २ सय ८९ वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये २ सय ३४ वटा मुद्दा फस्र्यौट भएका छन् भने ५५ वटा अझै बाँकी रहेका छन् । लेनदेन, जग्गा तथा साँध-सिमाना विवाद, अंश, मानाचामल, कुटपिट, अभद्र व्यवहार, सम्बन्धविच्छेद, घरेलु हिंसा, विवाह दर्ता, नागरिकता र जन्मदर्तासम्बन्धी उजुरी सबैभन्दा बढी दर्ता भएका छन् । यद्यपि केही स्थानीय तहमा उजुरी समयमै फस्र्योट नहुँदा पुराना मुद्दा अर्को आर्थिक वर्षमा जिम्मेवारी सार्दै गएको देखिएको छ । न्यायिक समितिमा दर्ता भएका उजुरीको अभिलेख व्यवस्थापन र समयमै निरुपणमा थप सुधार आवश्यक देखिएको छ ।

सबैभन्दा धेरै उजुरी प्यूठान नगरपालिकामा दर्ता भएका छन् । उप-प्रमुख देवेन्द्र बर्माका अनुसार गत आर्थिक वर्षमा ८५ वटा उजुरी दर्ता भएकामध्ये ६१ वटा फस्र्योट भएका छन् भने २४ वटा बाँकी  छन् । उजुरीमध्ये अधिकांश मुद्दाहरु मेलमिलापबाट समाधान हुने उनले बताए ।

ऐरावती गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा ६ उजुरी दर्ता मध्ये ५ मुद्दा फस्र्यौट भई १ बाँकी रहेको ऐरावती गाउँपालिकाका उपाध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताए । अधिकांश मुद्दाहरु मेलमिलापको माध्यमबाट समाधान भएको छ, तर केही उजुरीकर्ताले मुद्दा दर्ता गरेपछि सम्पर्कमा नआउने हुँदा त्यस प्रकारका मुद्दाहरु फस्र्यौट नभएको समेत उपाध्यक्ष श्रेष्ठले जनाए ।

झिमरुक गाउँपालिकामा गत आर्थिक वर्षको जिम्मेवारी सरि आएको १६ उजुरी दर्ता यस वर्ष २७ उजुरी गरी ३८ उजुरी दर्ता रहेकोमध्ये ३१ वटा उजुरी फस्र्यौट भई ७ वटा बाँकी रहेको झिमरुक गाउँपालिकाका उपाध्यक्ष प्रमोद पोखरेलले बताए ।

यस्तै मल्लरानी गाउँपालिकामा न्यायिक समितिमा आर्थिक वर्ष २०८०/०८१ को  बाँकी उजुरी  ३ र आर्थिक वर्ष ०८१ /०८२ को ७ समेत गरी १० मध्ये ९ फस्र्यौट, १ फस्र्यौट हुन् बाँकी रहेको मल्लरानी गाउँपालिकाका उपाध्यक्ष रमेश श्रेष्ठले जानकारी दिए ।

उपाध्यक्षमा निर्वाचित भएदेखि सबै मुद्दाहरु मेलमिलापको माध्यमबाट समाधान भएको उपाध्यक्ष श्रेष्ठले बताए ।

यस्तै माण्डवी गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा १४ वटा उजुरी दर्ता भएको १३ वटा मेलमिलापको माध्यमबाट उजुरी फस्र्यौट र १ वटा फस्र्यौट हुन बाँकी रहेको माण्डवी गाउँपालिकाको उपाध्यक्ष पूर्णप्रसाद कालाथोकी बताउँछन् ।

यस्तै सरुमारानी गाउँपालिकामा आ.व २०८२/०८३ मा २७ वटा विवाद मुद्दा दर्ता भएका मध्ये मेलमिलाप माध्यमबाट १४ वटा, लगतकट्टा ६ वटा, फिर्ता झिकिएका २ वटा, र  फस्र्यौट हुन् बाँकी ५ वटा छन् । ति उजुरीमध्ये पति पत्नीको सम्बन्ध कायमसम्बन्धी, कुटपिट, बच्चा भेटघाट तथा रेखादेशसम्बन्धी,ज्याला/मजदुरी नदिएको सम्बन्धी, गाली बेइज्येतसम्बन्धी, साँध सिमानासम्बन्धी, पत्नी र बच्चालाई खान लाउन नदिएको सम्बन्धीलगायतका उजुरी परेको सरुमारानी गाउँपालिकाका उपाध्यक्ष बसन्ता खड्काले बताइन् । 'पालिकाले दर्ता हुन आएका मुद्दामा मेलमिलापलाई प्राथमिकता दिनेछु,' उनले भनिन्-'अदालती निर्णयभन्दा सहमतिको आधारमा मेलमिलापको माध्यमबाट मुद्दा टुङ्ग्याउने गरेका छौं ।' मेलमिलाप गराउँदा दुवै पक्षले जितेको महसुस गर्न सक्छन्, मेलमिलाप हुनै नसक्ने मुद्दा अदालतमा पठाउने गरेको उपाध्यक्ष खड्काले बताइन् ।

यस्तै गौमुखी गाउँपालिकामा  चालु आर्थिक वर्षमा ६४ वटा उजुरी परेको मध्ये र ति सबै मेलमिलाप माध्यमबाट समाधान भएको हुँदा सबै उजूरी फस्र्यौट भएको पालिकाका उपाध्यक्ष महावीर रानाले बताए ।

स्वर्गद्वारी नगरपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा ४५ वटा उजुरी दर्ता भएका मध्ये मेलमिलापबाट समाधान भएका २१ वटा, निर्णय भएका १२ वटा र अन्य निकाएमा पठाइएका ८ वटा अब  फस्र्यौट हुन् बाँकी १६ वटा रहेको न्यायिक समितिका सदस्य सुशीला नेपालीले बताइन् ।

नौबहिनी गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा ५ उजुरी परेको मध्ये ४ वटा फस्र्यौट भई १ वटा बाँकी रहेको नौबहिनी गाउँपालिकाका उपाध्यक्ष बिष्णा थापाले बताइन् । 'केही उजुरीकर्ता रोजगारीका लागि भारत जाने भएकाले समयमै मुद्दा टुंग्याउन कठिन हुने गरेको छ,' उनले भनिन्-'अधिकांश उजुरीहरु मेलमिलापबाट नै समाधान हुन्छ, घरायसी विवादका मुद्दाहरुमा निकै दबाब आउँछ, तर हामीले हाम्रो अधिकारभित्र रहेर निर्णय गरेका छौं, धेरै विवाद भयो भने जिल्लामा पठाउने गर्छौं ।'

स्थानीय तहमा न्यायिक समितिको प्रभावकारिता कमजोर हुनुमा मुख्यतया कानूनी ज्ञानको अभाव, कर्मचारी तथा स्रोतसाधनको कमी र राजनीतिक दबाब रहेका छन् । संविधानको धारा २१७ अनुसार उपप्रमुखको संयोजकत्वमा गठन हुने यी समितिले स्थानीयस्तरका सामान्य विवादहरू छिटो र सस्तोमा टुंग्याउनुपर्ने हो, तर विभिन्न कारणले न्याय सम्पादन सुस्त र कमजोर बन्ने गरेको छ ।

## सरकार असफल भयो : हर्क



बुटवल । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सरकारको विकल्प खोज्नुपर्ने बेला आएको बताएका छन् ।

बुधबार सामाजिक सञ्जाल फेसबूकमार्फत् साम्पाङले वर्तमान सरकार असफल भएको जिकिर गरेका हुन् ।

'सर्वत्र सरकार असफल ! अब विकल्पको खोजी गर्नु नै उत्तम होला ! दियर इज नो गुड न्युज एट अल ।'- साम्पाङले लेखेका छन् ।

देशमा विकसित तनावको स्थिति र विभिन्न असन्तुष्टिका बिच उनको यस्तो टिप्पणी आएको हो ।

देशको पछिल्लो परिस्थितिमा राज्यले प्रभावकारी भूमिका नखेलेको भन्दै उनले वर्तमान सरकार असफल भएको टिप्पणी गर्दै विकल्प खोज्नुपर्ने बताएका हुन् ।

## लुम्बिनीमा अब ८ मन्त्रालय, कुनमा कुन गाभिए ?



दाङ । लुम्बिनी प्रदेश सरकारले मन्त्रालयको संख्या १२ बाट घटाएर ८ वटा बनाउने निर्णय कार्यान्वयनमा ल्याएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बुधबार बसेको मन्त्रीपरिषद् बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बाहेक ८ मन्त्रालय कायम रहने गरी प्रदेश सरकार कार्य विभाजन नियमावली, २०८३ स्वीकृत गरेको हो ।

यसअघि १२ मन्त्रालयमार्फत् सञ्चालन हुँदै आएको प्रदेश सरकारको संरचनालाई पुनर्गठन गर्दै अब मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय बाहेक ८ मन्त्रालय कायम हुनेगरी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८३ स्वीकृत गरेको हो । बैठकका निर्णय सार्वजनिक गर्दै भौतिक पूर्वाधार विकास मन्त्री रत्नबहादुर खत्रीले सरकारको कार्यसम्पादनलाई मितव्ययी, थप प्रभावकारी र व्यवस्थित र  बनाउन मन्त्रालयको संख्या घटाइएको बताए । अब लुम्बिनीमा मुख्यमन्त्री कार्यालय र आठ वटा मन्त्रालय रहनेछन् ।

नयाँ संरचनाअनुसार युवा तथा खेलकुद मन्त्रालय सामाजिक विकास मन्त्रालयमा गाभिएको छ । उद्योग, पर्यटन तथा यातायात मन्त्रालय खारेज गरी उद्योग तथा यातायातको जिम्मेवारी आन्तरिक मामिला, कानुन मन्त्रालयमा समायोजन गरिएको छ । त्यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई शहरी विकास मन्त्रालयमा गाभिएको छ। वन तथा वातावरण मन्त्रालयमा पर्यटन क्षेत्र थप गरी वन, वातावरण तथा पर्यटन मन्त्रालय बनाइएको छ ।

नयाँ नियमावलीअनुसार अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला, कानून, उद्योग तथा यातायात मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन,

» बाँकी ३ पेजमा


## सार्वजनिक सूचना

## विज्ञापन प्रकाशन सम्बन्धी दररेट

बुटवलबाट प्रकाशित लुम्बिनी राष्ट्रिय दैनिक, **मेचीकाली राष्ट्रिय दैनिक, बुटवल टुडे राष्ट्रिय दैनिक, दैनिक पत्र राष्ट्रिय दैनिक र नवतिलोत्तमा दैनिकको मिति २०८३ साल साउन ७ गतेदेखि लागू हुने गरी विज्ञापन प्रकाशनसम्बन्धी न्यूनतम दररेट कायम गरिएको सबैमा जानकारी गराइन्छ ।**

**यस व्यवस्थाबाट विज्ञापनदाताहरूलाई समान, पारदर्शी, विश्वसनीय तथा व्यवस्थित सेवा उपलब्ध हुने विश्वास लिएएको छ ।**

### न्यूनतम विज्ञापन दररेट (संक्षेपमा)

| | विज्ञापन तथा सूचना | न्यूनतम दर |
|---|---|---|
| १. | हार्दिक बधाई तथा शुभकामना, समवेदना, श्रद्धाञ्जली तथा व्यवसायिक विज्ञापन | रु.१०० ( प्रति सी. सी.) |
| २. | हराएको सम्बन्धी सूचना (राहदानी, नागरिकता, बीमा, शैक्षिक प्रमाणपत्र आदि तथा अदालत, कम्पनी रजिष्ट्रार, बैंक तथा वित्तीय संस्था, कानुनी, सार्वजनिक, आवश्यकता तथा सहकारी सम्बन्धी सूचना | रु.३,००० (प्रति सूचना) |
| ३. | सरकारी तथा सार्वजनिक खरिद, बोलपत्र, आशयपत्र तथा प्रस्ताव आवहान सम्बन्धी सूचना | विज्ञापन बोर्डबाट स्वीकृत दररेटअनुसार |
| ४. | बैंक तथा वित्तीय संस्थाका कर्जा तथा धितो लिलामी सूचना | रु.१०० (प्रति सी.सी.) |
| ५. | सरकारी तथा स्थानीय तहका जनहितका सूचना तथा वन सम्बन्धी सूचना र पेन्सनपट्टाको सूचना | ५,००० (न्यूनतम) |

**उल्लेखित दररेटमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा मूल्य अभिवृद्धि कर (भ्याट) अतिरिक्त लाग्ने छ ।**

**लुम्बिनी राष्ट्रिय दैनिक, मेचीकाली दैनिक, बुटवल टुडे राष्ट्रिय दैनिक, र नवतिलोत्तमा दैनिक पत्रिकाहरुको ग्राहक शुल्क २०८३ साल श्रावण महिनादेखि लागू हुने गरी प्रतिदिन रु. १० (दश रुपैयाँ) कायम गरिएको छ ।**

**बुटवलबाट प्रकाशित राष्ट्रिय दैनिक पत्रिकाहरू**

दैनिक लुम्बिनी | मेचीकाली राष्ट्रिय दैनिक | दैनिक पत्र राष्ट्रिय दैनिक | बुटवल टुडे राष्ट्रिय दैनिक | तिलोत्तमा राष्ट्रिय दैनिक

## सम्पादकीय

# प्रधानमन्त्रीको रहस्यमय मौनता

सुनसरीको देवानगञ्जमा भड्किएको साम्प्रदायिक हिंसा पूर्वी तराई हुँदै पश्चिमतिर फैलिने जोखिम बढ्दै गइरहेका बेला प्रधानमन्त्रीको खोजी भएको छ । संवेदनशील घडीमा सरकार प्रमुखको अपीलले सामाजिक सद्भाव कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने भएकाले प्रधानमन्त्रीको खोजी हुनु स्वभाविक छ। प्रधानमन्त्री धेरै बोल्नुहुन्न। पहिलेका प्रधानमन्त्री धेरै बोलेकाले काम गर्ने कम बोल्नुपर्छ भन्ने भाष्य खडा गरेर समाजमा साम्प्रदायिक हिंसा भड्किएका बेला सरकार प्रमुखको मौनता गैरजिम्मेवार छ।

साम्प्रदायिक हिंसा आगोको झिल्को झै हो, जसले ठूलो क्षति गर्न सक्छ । समाजमा नागरिकको मन नजोडिने गरी टुटाउन सक्छ । समाज जोडिने नागरिकको मन मिलेर हो । जब मन आपसमा मिल्दैनन्, त्यसले समाजलाई विभाजित गर्छ। यस्तो संवेदनशील घडीमा प्रधानमन्त्री बालेन्द्र साहको मौनता तोडिनुपर्छ । प्रधानमन्त्रीले संसदलाई बेवास्ता गर्दै आउनु भएको छ । जननिर्वाचित सार्वभौम संसदलाई बेवास्ता गर्नु गैरजिम्मेवार कदम हो। राष्ट्रपतिलाई भेट गरी मुलुकको वस्तुस्थिति र सरकारले चालेका कदमबारे जानकारी गराउनु प्रधानमन्त्रीको नियमित काम हो। तर उहाँलाई राष्ट्रपति भेटेर कुराकानी गर्न अप्ठारो किन लागिरहेको छ ? सुरक्षा प्रमुखले मुलुकको वस्तुस्थितिबारे प्रधानमन्त्रीलाई जानकारी गराउन पाउँदैनन् । सचिवालयका सदस्यलाई रिर्पोटिङ गर्नुपर्ने बाध्यता छ । राष्ट्रिय सुरक्षा परिषद्को बैठक बस्ने, मुलुकको सुरक्षा रणनीति बनाउने विषय सरकारको प्राथमिकतामा परेको देखिंदैन । जे गर्नुपर्ने हो त्यही नगर्ने सरकारले के गरिरहेको छ ? सरकार सञ्चालनमा विधिमा टेकेर थिति बसाल्ने भन्दा सचिवालयका सदस्यको मनमौजी चलेको छ। लोकतान्त्रिक प्रणालीलाई व्यवस्थित बनाउने नभई कमजोर पार्ने प्रवृत्ति बढेको छ। सरकार सञ्चालनकै बारेमा राष्ट्रिय स्वतन्त्र पार्टीभित्रै प्रश्न उठिरहेका बेला आगामी दिनमा यो विषयको व्यवस्थापन हुँदै जाला। तर अहिले मुलुकमा साम्प्रदायिक हिंसा भड्काउन कतिपय शक्तिहरुको चलखेल बढिरहेको र मुलुकमा द्वन्द्व चर्के, त्यसले दुरगामी असर गर्ने भएकाले सरकारले पहलकदमी लिनुपर्छ।

मन्त्रीपरिषद्को बैठक बुधबार बस्यो, त्यो बैठक सुनसरी घटनाबारे मौन रह्यो। संवेदनशील घडीमा अरु नै निर्णय गर्ने, तर गर्नुपर्ने निर्णय नगर्ने प्रवृत्ति गलत छ। प्रधानमन्त्रीको अगुवाइमा सर्वदलीय बैठक बसेर राष्ट्रिय एकताको अपील गर्न ढिलाइ भइरहेको छ। यद्यपी प्रधानमन्त्रीको मौनताकै कारण राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको अगुवाइमा सर्वदलीय बैठक बसेर अपील गऱ्यो । त्यो अपील प्रधानमन्त्रीबाट आउनुपर्छ। प्रधानमन्त्रीले गर्ने अपीलको बहुआयामिक अर्थ हुन्छ। दलहरुप्रतिको बेवास्ता गरेर अघि बढ्नै सकिन्न भन्ने चेत आएन भने अन्तत्वगत्वा त्यसले सरकारलाई अप्ठारो पार्छ नै बिथोलिएको समाजमा साम्प्रदायिक हिंसा भड्किने जोखिम धेरै छ। अझै समय छ, कार्यशैली सुधार गरौं, भुईतहका समस्या पहिचान गरौं, त्यसपछि मात्रै समस्या समाधानको ढोका खुल्न सक्छ।

# अर्जुन ज्ञवाली: कलम, कक्षा र कर्मको यात्रा



डी.आर. घिमिरे

अर्जुन दाइले छोड्नुभएको मूल्य, लेखन सीप अझ धेरै वर्ष बाँचिरहनेछ। पत्रकारितालाई पेशा होइन, समाजप्रतिको जिम्मेवारी ठान्ने पुस्ता रहुञ्जेल, उहाँको नाम नेपाली पत्रकारिताको इतिहासमा सम्मानका साथ उच्चारण भइरहनेछ।

केही मानिसहरूको बिदाइ केवल एउटा व्यक्तिको मृत्यु हुँदैन, एउटा युगको अवसान हुन्छ। वरिष्ठ पत्रकार, लेखक, शिक्षक, प्रशिक्षक तथा प्रेस स्वतन्त्रता सेनानी अर्जुन ज्ञवालीको बिदाइले मलाई यस्तै अनुभूति गराएको छ। केही दिनमै काठमाडौं पुगेर उहाँलाई भेट्ने योजना बनाएको थिएँ। योजना यति मात्र थिएन । पुराना पत्रकारहरुमध्ये करिब १० जनालाई "त्यतिबेलाको पत्रकारिता र अनुभव" शीर्षकमा पाँचदेखि १० हजार शब्दको अनुभव उतार्न लगाउने योजना अनुरुप एकप्रकारले नामहरुको टुंगो लगाएको थिएँ । यो कुरा अरु कसैलाई भनेको पनि थिइन, तर अर्जुन दाइलाई भनेको थिएँ, करिब छ महिना अघि। खै लेख्न पनि जाँगर नै लाग्दैन, त्यति लामो कसरी लेखुला ?

लेख्न नसके पनि भन्न त सक्नुहुन्छ नि भन्ने मेरो जवाफ सुनेर "उसो भए त सक्छु। तपाईंले नयाँ-नयाँ आइडिया लिनुहुन्छ" भन्दै हौसिनु भएको थियो। काम गर्न सकिएला कि नसकिएला भनेर मैले अरु कसैलाई भन्न पनि सकेको थिएन । शायद विनोद पहाडीलाई यो अवधारणा सुनाएको थिएँ । उहाँ पनि खुशी नै हुनु भयो । यता बिरामी भएर थलिएको कुरा थाहा पाएपछि साउनको पहिलो हप्ता काठमाडौं जान्छु र भेट गर्छु भनेको थिएँ। तर नियतिले त्यो भेट जुराएन। नत मैले सोंचे अनुरुप उहाँको लेखनै तयार हुन सक्ने भयो।

अर्जुन दाइ एकजना पत्रकार मात्र होइन, एउटा विद्यालय हुनुहुन्थ्यो । हामीले बुटवलमा सँगसँगै पत्रकारिता प्रशिक्षणका धेरै कार्यक्रम सँगै सञ्चालन गर्‍यौं । समाचार लेखन, सम्पादन, भाषा, फिचर र पत्रकारिताको नैतिकताबारे प्रशिक्षण दिँदा उहाँ आफ्ना अनुभूतिसहित बोल्नुहुन्थ्यो । लामो समय शिक्षण पेशामा रहनु भएका अर्जुन दाइले शिक्षण र लेखनलाई सँगै बढाउनु भयो । जीवनको उत्तरार्धसम्म पनि लेखनबाट विमुख हुनु भएन। पछिल्ला केही वर्ष उहाँले प्रायः लेख्न मन लागेको विषयलाई कुन कोणबाट उठाउँदा उचित होला भनेर राय लिनुहुन्थ्यो। तर उहाँको कोण हुन्थ्योनै बरु त्यसलाई तथ्य र प्रमाण कसरी पुर्‍याउने भनेर मेहनत गर्नुहुनथ्यो।

करिव दुई वर्ष अघि मैले उहाँलाई बुद्धिबहादुर थकालीकोबारेमा लेख्न अनुरोध गरेकोमा उहाँले तीन चार पटक पाण्डुलिपि देखाउनु भयो । मैले भयो भन्छु, तर उहाँले नयाँ नयाँ तथ्य फेला पार्नु हुने रहेछ। अनि पुःन लेख्दै जाने।

लेख तयार भयो । मैले जे प्रयोजनका लेखाएको थिएँ, त्यो समय आउन ढिला भयो। हुन पनि त्यो समय अझैसम्म आएको छैन। उहाँलाई लेख छाप्ने औधि रहर लागेछ। मेहनतपूर्वक पूरा गरिसकेको लेख छाप्ने रहर कसलाई पो हुँदैन र ?

मैले उहाँलाई शर्तसहित लेख छाप्न स्वीकृति दिएँ। शर्त के थियो भने लेख छापिएपछि फेरि सुझावहरु आउँनेछन्, तिनलाईसमेत राखेर फेरि अन्तिम पटक लेख्ने । दाई अत्यन्तै खुशी हुनुभयो । हुन पनि उहाँलाई अकल्पनीय सुझाव आएछन् । पछि फेरि भन्नुभयो, यो लेख छापेर ठिक भएछ। तपाईंले कस्तो आइडियासहित छाप्न भन्नु भएछ । उहाँले अन्तिम भनेर सम्पादन गरेको सो लेख मेरो ल्यापटपमा सुरक्षित छ।

पत्रकारिताको प्रशिक्षणमा उहाँको सबैभन्दा रोचक विषय फिचर लेखन हुन्थ्यो । दाइको लेखनकला असाध्यै सीपयुक्त हुन्थ्यो । छोटा वाक्य, सरल, धारिलो र बुझिने भाषा, तथ्य अगाडि सारेर मात्र लेख्ने इतिहासलाई समसामयिक राजनीतिसँग जोडेर व्याख्या गर्ने । यस्ता यावत् शैलीले उहाँलाई पहिचान दिएको थियो।

अनावश्यक कुरा कहिल्यै नगर्ने, कसैप्रति आग्रह पूर्वाग्रह नराख्ने, तर चित्त नबुझेको कुरा सामुन्नेमै भन्ने, नक्कली र वनाबटी कुराको सिधैं प्रतिवाद गर्ने उहाँका खास खास विशेषता हुन्।

अर्घाखाँचीको चिदिका गाउँ विकास समितिको ठुलाखर्क-चिसापानीमा २००४ सालमा एउटा सामान्य किसान परिवारमा खुमानन्द र चोलाकुमारीका छोराका रूपमा उहाँको जन्म भयो । नागरिकतामा अर्को मिति लेखिए पनि उहाँको 'इतिवृत्त' नामक पुस्तकमा यही मिति छ। सो पुस्तकमा उहाँले लेख्नु भएको छ- "सामान्य परिवारमा जन्मनु नै मेरो वरदान बन्यो ।" 'इतिवृत्त' नेपाली कम्युनिष्ट पार्टीमा सम्पूर्ण जस्वनको उर्जाशिल समय व्यतित गर्नुभएका देवेन्द्र घिमिरेको सोंचमा प्रकाशित भयो । यसले आज पनि हरेक वर्ष पाका पुराना कम्युनिष्टहरुलाई जम्मा गरेर पुनर्मिलन गराउँछ।

यो पुस्तकको एकप्रति मलाई उहाँले नै दिनु भएको थियो र यसको नामाकरण आफैँले जुराएको प्रसँग मसँग गर्नु भएको थियो।

खिदिमको पिपलडाँडाबाट सुरु भएको शिक्षा हरिहर संस्कृत पाठशाला हुँदै बनारससम्म पुग्यो । संस्कृत अध्ययनले उहाँलाई भाषाको गहिराइ दियो भने बनारसले विचारको क्षितिज फराकिलो बनायो । त्यहीँ उहाँले पुष्पलालसँग भेट्ने अवसर पाउनुभयो । मोदनाथ प्रश्रितको पत्र लिएर पार्टी कार्यालय पुगेपछि उहाँले क्रान्ति, परिवर्तन र समाज रूपान्तरणबारे सुन्नुभयो । पुष्पलालको सादगी, गोविन्द ज्ञवाली र खेमराज पण्डितसँग बिताएका क्षण, भेली र भिजेको चनाको प्रसङ्ग पनि भेटघाटका अवसरमा उहाँले सुनाउने विषय हुन्।

२०२४ सालमा, उहाँ लुम्बिनी सन्देश साप्ताहिकको सम्पादक बन्नुभयो । त्यो समय आजको जस्तो प्रेस स्वतन्त्रताको युग थिएन । समाचार लेख्नु भनेको जोखिम उठाउनु थियो । पञ्चायतकालीन सत्ताको छायाँमा पत्रकारिताले सास फेर्दै गरेको समय थियो। अर्घाखाँची धातिवाङ्का गणपति पौडेलविरुद्धको एउटा समाचार छापिएपछि अञ्चलाधीश टेकबहादुर रायमाझीले उहाँलाई कार्यालयमा बोलाएर धम्क्याएको प्रसङ्ग उहाँले बेलाबखत सुनाउनुहुनथ्यो । यो कुरा मेरा लागि नयाँ सूचना यस कारणले थियो कि गणपति मेरो छिमेकी गाउँको हुनुहुन्थ्यो र उहाँकोबारेमा मैले धेरै कुरा सुनेको थिएँ।

पत्रकारिता उहाँका लागि जागिरभन्दा साधना थियो । समाचार, सम्पादकीय, टिप्पणी र विश्लेषण लेख्दै उहाँले तीन हजार बढी फिचर लेख्नु भयो। तीमध्ये बल्खु पर्व उहाँले सधैंजसो चर्चा गर्नुहुन्थ्यो । यसैले ढुक्कसँग भन्न सकिन्छ, नेपाली पत्रकारिताले स्वाभिमानी, निर्भिक र एकजना साधक गुमाएको छ।

तर अर्जुन दाइलाई पत्रकारिताले मात्र चिनाउँदैन । उहाँले करिब सत्ताइस वर्ष शिक्षकका रूपमा पनि बिताउनुभयो । मणिग्रामको शान्ति विद्यालयमा दुई दशकभन्दा बढी समय अध्यापन गर्दै उहाँले हजारौँ विद्यार्थीको जीवनमा ज्ञानको उज्यालो छर्नुभयो । राष्ट्रिय शिक्षक आन्दोलनमा नेतृत्व गर्नुभयो, जेल जानुभयो, लोकतान्त्रिक आन्दोलनमा सहभागी हुनुभयो। शिक्षक, पत्रकार र आन्दोलनकारी, यी तीनवटै भूमिकामा उहाँले आफूलाई अब्बल सावित गर्नु भयो।

संस्थागत रुपमा उहाँ रेडियो लुम्बिनीको अध्यक्ष बनेर नेतृत्व गर्नुभयो। छापा पत्रकारिताको अनुभवी भए पनि उहाँले रेडियोमा बोलेर गरिने पत्रकारिताको अनुभव पनि लिनु भयो।

अर्जुन दाइको व्यक्तित्वलाई सबैभन्दा गहिरोसँग चिनाउने प्रसङ्ग भने उहाँले आफ्नै आत्मकथामा उल्लेख गरेको "मधुरो दौरा" हो । गाउँका पण्डितले दिएको सेतो चहकिलो दौरा बुवाले तुरुन्त नलगाई "अलि मधुरो भएपछि लगाउँला" भन्नुभएको घटना उहाँले जीवनभर सम्झनुभयो । उहाँका लागि त्यो जीवनको दर्शन बन्यो । त्यसैले उहाँ कहिल्यै प्रदर्शनप्रिय हुनुभएन । बाहिरी चमकभन्दा भित्री उज्यालोमा विश्वास गर्नुभयो। उहाँले सम्पत्ति होइन, विश्वास कमाउनुभयो । रवाफ होइन, सम्मान कमाउनुभयो । यही कारण उहाँलाई भेट्ने जो-कोहीले पहिले एउटा असल शिक्षक भेट्थ्यो।

समयसँगै उहाँले अनेक राजनीतिक धार र आन्दोलनलाई नजिकबाट देख्नुभयो । पुष्पलालको वैचारिक प्रभाव, वाम आन्दोलन, जनयुद्ध, संविधानसभा, गणतन्त्र । यी सबैसँग समय क्रममा नजिक टाढा रहँदै लेख्दै आउनुभयो। यसो गर्दा कहिले एमाले, कहिले माओवादी, कहिले स्वतन्त्र पत्रकार भन्यो । तर आफूले देखेको सत्य र जनपक्षधरतालाई केन्द्रमा राख्न छाड्नु भएन । उहाँ विचारसँग नजिक भएर पनि विवेक कहिल्यै कसैलाई जिम्मा लगाउनुभएन।

प्रेस स्वतन्त्रता सेनानी, उत्कृष्ट पत्रकार, वरिष्ठ पत्रकारलगायतका सम्मानहरू उहाँका लागि नैतिक दायित्वका सार्वजनिक प्रमाण थिए । उहाँले एकपटक लेख्नु भएको थियो- अब दलबन्दीभन्दा माथि उठेर राष्ट्रको विशाल भावमा स्वतन्त्र रूपमा कलम चलाउने इच्छा छ। त्यो इच्छा वास्तवमा उहाँको सम्पूर्ण जीवनयात्राको निष्कर्ष थियो । आज अर्जुन दाइ हामीबिच हुनुहुन्न । तर उहाँले निर्माण गर्नुभएको पत्रकारिताको संस्कार, उहाँले प्रशिक्षित गर्नुभएको पुस्ता, उहाँले लेखेका हजारौँ पृष्ठ, उहाँले बाँड्नुभएको सरलता र उहाँले जोगाएको नैतिक साहस अझै जीवित छन्।

अर्जुन दाइले छोड्नुभएको मूल्य, लेखन सीप अझ धेरै वर्ष बाँचिरहनेछ । पत्रकारितालाई पेशा होइन, समाजप्रतिको जिम्मेवारी ठान्ने पुस्ता रहुञ्जेल, उहाँको नाम नेपाली पत्रकारिताको इतिहासमा सम्मानका साथ उच्चारण भइरहनेछ।

हार्दिक श्रद्धाञ्जली, अर्जुन दाइ।

# कलेजोलाई गम्भीर असर पुर्‍याउने हेपाटाइटिसबाट कसरी जोगिने ?

डा. पुकार थापा

समयमै रोग पत्ता लागेमा नियमित निगरानी, औपधोपचार र खानपानमा सुधार गरेर कलेजोलाई थप क्षति हुनबाट बचाउन सकिन्छ। रोग बल्झिएर लिभर सिरोसिसको अन्तिम चरणमा पुगिसकेको अवस्थामा औषधिले मात्र कलेजोलाई पूरानो अवस्थामा फर्काउन (रिभर्स) गर्न सकिँदैन। त्यस्तो अवस्थामा कलेजो प्रत्यारोपण नै अन्तिम विकल्प बन्छ।

शरीरको महत्वपूर्ण अंग कलेजोलाई गम्भीर असर पुर्‍याउने स्वास्थ्य समस्यामध्ये हेपाटाइटिस एक प्रमुख रोग मानिन्छ, जुन भाइरसको संक्रमणका कारण हुन्छ।

मुख्यत हेपाटाइटिस ए, बी, सी र इ गरी चार प्रकारका हुन्छन् । यसबाहेक हेपाटाइटिस डी पनि हुन्छ । तर यो स्वतन्त्र रुपमा नभई हेपाटाइटिस बीको संक्रमण भएका व्यक्तिलाई मात्र लाग्ने गर्छ।

हेपाटाइटिसका मुख्य चार प्रकारमध्ये ए र इ दूषित खाना र पानीको माध्यमबाट सर्ने गर्छन् । यिनले एक्युट संक्रमण (छोटो अवधिको) गराए पनि क्रोनिक (दीर्घकालीन) रुप लिँदैनन् र सामान्यतः निको भएर जान्छन् । यद्यपि केही अवस्थामा यिनले एक्युट लिभर फेलियर गराउन सक्ने जोखिम भने रहन्छ।

तर, हेपाटाइटिस बी र सी भने रगतको माध्यमबाट सर्ने गर्छन् । यो संक्रमण भएको अवस्थामा क्रोनिक रुप लिने जोखिम रहन्छ । समयमै उपचार गरिएन भने फाइब्रोसिस भएर कलेजो कडा हुँदै जाने र पछि गएर लिभर सिरोसिस तथा कलेजोको क्यान्सरसमेत गराउन सक्छ।

लिभर सिरोसिस भएको अवस्थामा प्रत्यारोपण एक मात्र विकल्प हो भने क्यान्सर भएको अवस्थामा क्यान्सरको उपचार सुरु गर्न सकिन्छ। तर, सिरोसिस नभइकन क्यान्सर पनि हुन सक्छ।

हेपाटाइटिस बी र सी भएको लामो समय भए पनि लिभर ड्यामेज भएको छैन भने त्यसलाई क्रोनिक हेपाटाइटिस फेज भनिन्छ। फाइब्रोसिस भनेको चाहिँ कलेजो कडा हुँदै जाने र अन्त्यमा लिभर सिरोसिससम्म पुग्ने हुन्छ।

हामीले फाइब्रोसिसलाई चारवटा स्टेज मान्छौं, वान, टु, थ्री र फोर । चौथो स्टेजलाई सिरोसिस भनिन्छ । सिरोसिस भइसकेपछि कुनै पनि औषधि उपचारले निको बनाउन सकिंदैन। तर, त्यो अवस्था आउन नदिनका लागि पूर्वसावधानी र रोकथामका उपाय भने अपनाउन सकिन्छ।

**के कारणले हुन्छ ?**

हेपाटाइटिस बी र सी धेरैजसो रगतबाट सर्ने रोग हो। धेरैजसो आमाको रगतको माध्यमबाट गर्भमा रहेको शिशुलाई सर्छ । यस्तै, संक्रमितको रगत अर्को व्यक्तिमा दिइँदा, दुषित सियो वा सुई प्रयोग गर्दा, ट्याटु बनाउँदा वा यौन सम्पर्कका माध्यमबाट पनि हेपाटाइटिस बी र सीका भाइरस सर्न सक्छन्।

यसैगरी रगत र सुईको सम्पर्कमा रहने स्वास्थ्यकर्मीहरु पनि यसको जोखिममा पर्छन्। तर एउटै कपडा प्रयोग गरेर, एउटै बाथरुम प्रयोग गरेर, जुठो खाएर चाहिँ सर्दैन।

**लक्षण**

हेपाटाइटिस संक्रमण भएपछि सुरुवाती चरणमा ज्वरो आउने, पेट दुख्ने, बान्ता हुने, जण्डिस देखिने, खान मन नलाग्नेजस्ता लक्षण देखिन्छन् । हेपाटाइटिस ए र इका बिरामीमा यी लक्षण देखिएर केही हप्तामै निको हुन्छन् । तर बी र सीको संक्रमण हुँदा लामो समयसम्म पनि लक्षण नदेखिन सक्छ । जब लक्षण देखिन्छन्, त्यतिन्जेलसम्म कलेजो धेरै हदसम्म क्षति भइसकेको हुन्छ । यस्तै, कहिलेकाहीँ सबै खालका हेपाटाइटिस लक्षणविना पनि हुन सक्छन्।

**रोकथामका उपाय**

हेपाटाइटिस ए र ईबाट जोगिन दूषित खाना तथा पानीबाट जोगिनुपर्छ । त्यसमध्ये हेपाटाइटिस ए को खोप भने उपलब्ध छ। शिशुहरुलाई यसको खोप नियमित तालिकामा पनि समावेश गरिएको छ। यसैगरी हेपाटाइटिस बीको पनि खोप उपलब्ध छ। जसरी यो सर्न सक्छ, त्यसबाट जोगिनु पर्छ। असुरक्षित यौन सम्पर्कबाट जोगिनुपर्छ, रगत तथा सुइको प्रयोग गर्दा सावधानी अपनाउनुपर्छ।

हेपाटाइटिसका भाइरस सक्रिय हुने कुनै खास समय नभए पनि वर्षायाममा खाना तथा पानी प्रदूषित हुने भएकाले हेपाटाइटिस ए र इ को संक्रमण हुने जोखिम भने बढी रहन्छ।

**जन्डिस र हेपाटाइटिसबिच भिन्नता**

कतिपयले जन्डिस र हेपाटाइटिस एउटै हो भन्ने ठान्छन्। तर यी दुई पूर्ण रुपमा फरक हुन्। जन्डिस भनेको कलेजोको समस्या वा अन्य कारणले शरीरमा देखिने एक किसिमको लक्षणमात्र हो । अर्कोतर्फ हेपाटाइटिस कलेजोलाई असर गर्ने अलग्गै रोग हो, जसको एक लक्षण जन्डिस पनि हो।

नर्भिकमा हेपाटाइटिसको उपचार र निदानका लागि सबै सुविधा उपलब्ध छन् । यसको संक्रमण छ कि छैन भनेर पत्ता लगाउने मुख्य विधि नै रगत परीक्षण हो, जसमा एचबीएसजी टेस्ट गरिन्छ । समयमै रोग पत्ता लाागेमा नियमित निगरानी, औपधोपचार र खानपानमा सुधार गरेर कलेजोलाई थप क्षति हुनबाट बचाउन सकिन्छ । रोग बल्झिएर लिभर सिरोसिसको अन्तिम चरणमा पुगिसकेको अवस्थामा औषधिले मात्र कलेजोलाई पूरानो अवस्थामा फर्काउन (रिभर्स) गर्न सकिँदैन । त्यस्तो अवस्थामा कलेजो प्रत्यारोपण नै अन्तिम विकल्प बन्छ। विश्व स्वास्थ्य संगठनको पछिल्लो तथ्यांकअनुसार नेपालमा हेपाटाइटिस बीको संक्रमण दर कूल जनसंख्याको करिब ०.९ प्रतिशत छ। तर परीक्षण नभएका संक्रमितहरुको संख्या १ देखि २ प्रतिशत वा त्योभन्दा बढी हुन सक्ने अनुमान गरिएको छ।

अधिकांश मानिसले लक्षण नदेखिँदासम्म परीक्षण नगर्ने भएकाले वास्तविक तथ्यांक बाहिर ल्याउन स्क्रीनिङ अर्थात् जनस्वास्थ्य परीक्षण अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ। हरेक वर्ष जुलाई २८ का दिन विश्व हेपाटाइटिस दिवस मनाउने गरिन्छ। यस वर्षको दिवसको नारा 'लेट्स ब्रेक इट डाउन' भन्ने छ। अर्थात् हेपाटाइटिसको शृंखलालाई तोड्न सचेतना फैलाउनु नै यस दिवसको उद्देश्य हो । त्यसैले समयमै परीक्षण र सावधानी अपनाउनु नै बुद्धिमानी हुन्छ।

स्वास्थ्य खबरबाट

# आश्रयविहीनहरूको सहारा बन्दै मानवसेवा आश्रम




बासुदेव पौडेल

"फर्क फर्क हे जाउ समाउ, मानिसहरूका पाउ
मलम लगाउ आर्तहरूको चहत्याइरहेका घाउ !"

महाकवि लक्ष्मीप्रसाद देवकोटाको भिखारी कविता सङ्ग्रहमा रहेको यात्री शीर्षकको कवितामा मन्दिर, मस्जिद वा तीर्थधाममा भन्दा मानिसको सेवा गर्नु नै वास्तविक ईश्वरको पूजा हो भन्ने भावलाई यस पङ्क्तिले सङ्केत गरेको छ । कवितामा भनेजस्तै हेटौँडाबाट अभियन्ता रामजी अधिकारीले सुरु गर्नुभएको सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको महाअभियान यतिखेर तिनै आर्तहरू चहऱ्याइरहेको घाउमा मलम लगाइरहेको छ ।

खुला आकाशमुनि सडकपेटी एवं सार्वजनिकस्थलहरूमा नारकीय जीवन बिताउन बाध्य सहयोगापेक्षी, बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, शारीरिक तथा मानसिक रूपमा कमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण, संरक्षण एवं पारिवारिक पुनर्मिलनको सेवामा मानवसेवा आश्रम निरन्तर लागिरहेको छ । विसं २०६९ भदौ १३ गते हेटौँडाको अब्बलडाँडामा पाँच सडक मानवलाई लिएर सुरु गरिएको यो महाअभियान वर्तमानमा आइपुग्दा देशव्यापी बनेको छ । तत्कालीन समयमा सडकबाट उठाइका पाँचमध्येका एक कन्हैया (आश्रमले राखेको नाम) अहिले पनि हेटौँडास्थित मानवसेवा आश्रमममा बस्दै आएका अभियन्ता एवं आश्रमका निर्माण संयोजक ताराप्रसाद लामिछानेले जानकारी दिए ।

मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) घरपरिवार र आफन्तविहीन भई खुला आकाशमुनि सडकपेटी एवं सार्वजनिकस्थलहरूमा अति कष्टपूर्ण जीवन बिताउन विवश सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने, घोषणाको लागि पहल गर्ने र घोषणा पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनका लागि समर्पित हुने लक्ष्यसहित स्थापना भएको उनले बताए । स्थापनाको समयदेखि नै संस्थाले एक विशुद्ध गैरनाफामूलक सामाजिक संस्थाका रूपमा देशव्यापी सहयोगापेक्षी बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, शारीरिक तथा मानसिकरुपमा अति कमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण, संरक्षण र पालनपोषण गराउँदै आइरहेको उनले बताए ।

मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीका अनुसार सातवटै प्रदेशका २३ जिल्लाका ३४ वटा सेवा केन्द्रमार्फत् सहयोगापेक्षीहरूलाई आश्रय दिइरहेको छ । मानवीयताको राष्ट्र नेपाल निर्माणको सपना लिएर अघि बढेको संस्थाको चाहना सबैको लागि खाना, सबैको लागि नाना र सबैको लागि छाना रहेको छ भने सहयोगापेक्षी (बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन, मानसिक तथा शारीरिक रूपमा कमजोर) सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण, घोषणा एवं कार्यन्वयन गर्ने प्रतिबद्धतासहित अघि बढिरहेको अध्यक्ष अधिकारीले बताए । आश्रमका सबै सेवा केन्द्रहरूमा गरेर हाल कुल आश्रितको सत्_या दुई हजार ४०३ जना रहेको छ, जसमध्ये पुरुष एक हजार ४६६ जना छन् भने महिला ९३७ जना रहेका छन् । आश्रमले आफ्नो स्थापना यता १४ हजार १८ जनालाई उद्धार गरेकोमा जसमध्ये आठ हजार ८१९ जना पुरुष रहेका छन् भने पाँच हजार १९९ जना महिला रहेका छन् ।

आश्रमद्वारा उद्धार गरिएकामध्ये तीन हजार ३२३ जना पुरुष र दुई हजार ५८१ जना महिलासहित पाँच हजार ९०४ जनालाई पारिवारिक मिलन गराइसकिएको आश्रमका मकवानपुर जिल्ला संयोजक इशा थापाले जानकारी दिइन् । उद्धार गरिएका मध्ये ७३९ जना पुरुष र ३४५ जना महिलासहित एक हजार ८४ जनालाई सामुदायिक पुनस्थापना गराइएको छ । यसबिचमा उद्धार गरिएकामध्ये एक हजार २४३ जना पुरुष र ५२३ जना महिला गरी एक हजार ७६६ जनाको निधन भइसकेको आश्रमले जनाएको छ ।

**आश्रम र अन्तर्गतका सेवा केन्द्रहरूलाई व्यवस्थित बनाउने अभियान जारी**

मानवसेवा आश्रमले मुख्य कार्यालय हेटौंडासहितका ३४ वटै सेवा केन्द्रलाई व्यवस्थित बनाउँदै लगेको अध्यक्ष अधिकारी बताउँछन् । आफूहरूको यस अभियानमा सरकारी निकायका साथै विभिन्न संघसंस्था एवम् सहयोगी व्यक्तिहरूको महत्वपूर्ण साथ र सहयोग मिलेको उनले जनाए । "सरकारी निकायका साथै संघसंस्था र सहयोगी महानुभावकै कारण हाम्रा आश्रमहरूमा पूर्वाधार विकाससँगै यिनीहरूको सुव्यवस्थित सञ्चालनमा सहयोग पुगेको छ", उनले भने-"हाम्रा सेवा केन्द्रहरूका विभिन्न पूर्वाधार विकासका लागि हालसम्म एक सय करोड रुपैयाँभन्दा बढी लगानी भैसकेको छ ।"

विगत ११ वर्षदेखि २०८२ सालभित्रै सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने लक्ष्य साथ दृढ सङ्कल्पित भई सेवा प्रवाह गरिरहेको भए पनि विभिन्न परिस्थितिजन्य कारणहरूले घोषणा हुन नसकेको आश्रमका सचिव एवं प्रवक्ता सुमन बर्तौला बताउँछन् । उनका अनुसार सात प्रदेशमध्ये कर्णाली, गण्डकी र बागमती तीन प्रदेश घोषणा भइसकेका छन् भने लुम्बिनी प्रदेश यही साउनमा घोषणा हुँदैछ । सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको राष्ट्रिय सङ्कल्पलाई पूरा गर्न तिनै तहको सरकारसँग साझेदारी, जनसहभागिता वृद्धि र माघ महिनामा पशुपतिनाथ मन्दिर परिसरमा श्रीमद्भागवत सप्ताह ज्ञान विज्ञानमा यज्ञ आयोजना गरेर स्रोत अधुरो रहेका भवनहरूको निर्माण सम्पन्न गर्न सोच सुनिश्चित गरी २०८३ सालभित्रै देश घोषणा गर्ने तयारी रहेको उनको भनाइ छ ।

बागमती प्रदेश सरकारले मानवसेवा आश्रमको दिगो एवम् सुव्यवस्थित सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यसहित पाँच करोड रुपैयाँ अक्षयकोष उपलब्ध गराउने घोषणा गरिसकेको छ । आश्रमको केन्द्रीय कार्यालय रहेको हेटौंडामा करिब रु १० करोडको लागतमा सुविधासम्पन्न भवन निर्माण भएको जानकारी दिँदै उनले केही निर्माण कार्य अझै बाँकी रहेको जानकारी दिए ।

आश्रमको पोखरामा भवन निर्माणका लागि दुई चरणमा महायज्ञ गरी करिब नौ करोड रुपैयाँ संकलन भएको उनले जानकारी दिए । पोखरामा दुई वर्षअघि महायज्ञ गरी छ करोड रुपैयाँ दान सहयोग सङ्कलन गरिकोमा हालै अर्को महायज्ञ सञ्चालन गरी तीन करोड रुपैयाँ दान सहयोग संकलन गरिएको थियो । आश्रमले महिला, पुरुष, बालबालिका, अशक्त र वृद्धवृद्धालाई छुट्टाछुट्टै राखेर सहयोगापेक्षी मैत्री सेवा प्रवाह गर्दै आइरहेको आश्रमका उपाध्यक्ष उमा भण्डारीले जानकारी दिइन् ।

उनका अनुसार आश्रमका सबै सेवा केन्द्रहरूमा त्यहाँको दिगो सञ्चालनलाई लक्षित गरी गाईपालन, अर्गानिक तरकारी र फलफूल खेती गरिँदै आइएको छ । आश्रमको प्रधान कार्यालय हेटौंडा सहित पोखरा, चितवन, गोरखा, झापालगायत स्थानमा आफ्नै भवनहरू निर्माण भइसकेको बताउँदै उनले अन्य सेवा केन्द्रहरूका आफ्नै भवन बन्ने तथा बनाउने क्रममा अघि बढेको बताइन् ।

आश्रमले केही वर्षयता हरेक वर्ष मेची महाकाली राष्ट्रिय उद्धार अभियान सञ्चालन गरी देशभर सहयोगापेक्षी सडकआश्रित मानवहरूको खोजी गर्दै उनीहरूलाई आश्रय दिने कार्य गर्दै आएको छ । यस अभियानमा प्रसिद्ध गायिका आनी छोइङ डोल्मा पनि जोडिएकी छिन् । आनीछोइङ डोल्मा फाउन्डेसनको सहकार्यमा तीनपटक मेची महाकाली राष्ट्रिय उद्धार अभियान सञ्चालन गरिएको छ । फाउन्डेसनकी अध्यक्ष आनी छोइङ मानवसेवा आश्रमको सेवाभावले आफूलाई सक्रिय रूपमा समाज सेवामा लाग्न प्रेरित गरेको बताउँदै मानव सेवामा गरिएको लगानी जीवनपर्यन्तसम्म आत्मसन्तुष्टि र वास्तविक पुण्य प्राप्त हुने बताउँछिन् ।

राज्यले असहाय, ज्येष्ठ नागरिक तथा बालबालिकालाई लक्षित गरी कानुन बनाए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेका अवस्थामा आश्रमले असहाय तथा सहयोगापेक्षी ज्येष्ठ नागरिक तथा बालबालिकालाई गरिरहेको साथ र सहयोग अतुलनीय रहेको छ । समाज कल्याण ऐन २०४९ समाजकल्याण कार्यको परिभाषा गर्दै समाजमा कमजोर, असहाय र अशक्त व्यक्तिको लागि सहयोग पुऱ्याउन र समाजका पिछडिएका वर्गलाई आर्थिक एवं सामाजिकरूपमा सक्षम बनाउन गरिने सामाजिक कार्यका रूपमा उल्लेख गरेको छ । त्यस्तै ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ मा ज्येष्ठ नागरिकको उचित व्यवस्थापनको लागि हेरचाह केन्द्र, दिवा सेवा केन्द्रको व्यवस्था गरिनुपर्ने उल्लेख गरेको छ । उक्त ऐनमा ज्येष्ठ नागरिकप्रति श्रद्धा गर्नुपर्ने र पालनपोषण, हेरचाहको दायित्व समाज र परिवारप्रति रहने भनिएको छ ।

बालबालिकासम्बन्धी ऐन, २०५६ को संशोधनमा बालकलाई हेरचाह गर्ने अधिकारी र बेवारिसे बालकको परिभाषा गर्दै विभिन्न दफाहरूमा उनीहरूको हक-अधिकारको व्यवस्था गरिएको पाइन्छ । "हामी एक छाक भोजनको अभावमा, एक सरो कपडा र ओत लाग्ने छानोको अभावमा कोही पनि व्यक्तिहरू मानसिक वा मनोसामाजिक समस्या तथा शारीरिक रूपमा कमजोर भई सडकपेटी एवं सार्वजनिकस्थलहरूमा अत्यन्तै कष्टपूर्ण, पीडादायी एवं दयनीय जीवनयापन गर्नुपर्ने अवस्थाको अन्त्य गर्न र सहयोगापेक्षी सडकआश्रित व्यक्तिहरूको सेवाको लागि प्रतिबद्ध छौं ।"-अध्यक्ष अधिकारीले भने ।

सीमित स्रोतसाधनको सदुपयोग र परोपकारी मानवताप्रेमी मनहरूको मुठ्ठीमुठ्ठीको योगदानबाट वैदेशिक दातृ निकायहरूको कुनै पनि शर्त राखेर गरिएको सहयोग स्वीकार नगरी देशमा कोही पनि नागरिक सडकपेटी र सार्वजनिक स्थलहरूमा सहयोगापेक्षी भइरहनु हुँदैन भन्ने कुरामा सबै नागरिक, सरकारका विभिन्न तह र तप्कामा रहेका व्यक्तिलाई बुझाउँदै उनीहरूलाई दायित्वबोध गराउनुपर्ने उनको भनाइ छ । कैयौँ नागरिकको जीवनसँग जोडिएको र सम्पूर्ण नेपालीहरूको संस्कृति, सभ्यता, पहिचान र गरिमासँग जोडिएको यस अभियानलाई सफल पार्न उनले सबैसँग आग्रह गरे ।

# महिलाको नाममा जग्गा 'रजिष्ट्रेसन' गर्नेको संख्या बढ्दै

दाङ । सरकारले महिलाको नाममा जग्गा खरिद गर्दा कर छुट दिने व्यवस्था गरेसँगै दाङमा महिलाको नाममा जग्गा रजिष्ट्रेसन पास गर्नेको संख्या बढ्दै गएको छ ।

नेपालको कानुनी व्यवस्थाअनुसार महिलाको नाममा जग्गा पास गर्दा सामान्यतया २५ देखि ३५ प्रतिशतसम्म कर छुट दिने व्यवस्था छ ।

आर्थिक वर्ष २०७९/०८० मा रु आठ करोड ४५ लाख ४० हजार ४७६, आव २०८०/०८१ रु छ करोड ६१ लाख ६१ हजार, आव २०८१/०८२ मा रु तीन करोड ६९ लाख ९७ हजार ६२६ र आव २०८२/०८३ मा दलित तथा जनजातिले रु ६९ लाख ४८ हजार १३३ जग्गा रजिष्ट्रेसनबापत छुट पाएका छन् ।

सरकारले यसप्रकार राजस्व छुट दिएका कारण दाङमा घर, जग्गा र व्यवसायको मालिक पनि महिला हुन थालेका छन् । महिलाको नाममा सम्पत्ति जोड्दा उनीहरू दोस्रो विवाह गरेर जान सक्छन् भन्ने अड्कलबाजी अन्ततः यहाँ क्रमशः हराउँदै जान थालेको पाइन्छ ।

नेपालको संविधानमा कानुनले अंश र वंशमा महिलाको हक स्थापित गरेकै कारण जग्गामा महिलाको स्वामित्व बढ्दै गएको हो ।

आव २०७९/०८० मा सात हजार ७९९, आव २०८० /०८१ मा नौ हजार ८९३, आव २०८१/०८२ मा छ हजार २९८, आव २०८२/०८३ मा ३९५ महिलाले आफ्नो नाममा जग्गा पास गरेका दाङका प्रमुख मालपोत अधिकृत शान्तराज गौतमले जानकारी दिए ।

"बुहारी पनि छोरीसरह हुन् । उनको नाममा जग्गा पास गर्दा राजस्वमा २५ प्रतिशत छुट पाइन्छ भने किन पास नगर्ने ? तुलसीपुर उप-महानगरपालिका-६ का ६५ वर्षीय रामु चौधरीले बताए ।

# क्यान्सर अस्पतालमा 'किमो' लगाउने बिरामीको चाप




चितवन । बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा शयूया र जनशक्तिका अभाव भएपछि क्यान्सरका कोषिका मार्ने महत्त्वपूर्ण औषधि किमो लगाउन बिरामीलाई पाँचदिनसम्म पालो पर्खनुपर्ने अवस्था आएको छ ।

अस्पतालमा दैनिक करिव ३०० बिरामी किमोका लागि सेवा लिन आउने भए पनि करिव २०० लाई मात्र किमो दिन सकिएको छ । एक सय ५० शयूया किमोका लागि छुट्याइएको छ । केही बिरामीलाई किमो दिएपछि छोटो समयमा घर पठाउन सकिने भएकाले त्यही शयूयामा अर्को बिरामीलाई किमोदिने गरिएको छ ।

अस्पतालका मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा. गुरुशरण साहका अनुसार तोकिएका समयमा नै किमो दिँदा प्रभावकारी हुन्छ । उनले भने-"बिरामीको उच्च चापका कारण समयमा किमो दिन सकिएको छैन, यसले उपचारमा प्रभावकारिता घट्छ ।"

बिरामीले पाँच दिनसम्म पालो कुर्नुपरेको उनी बताउँछन् । उनले भने-"प्रादेशिक अस्पतालहरूमा किमो दिने व्यवस्था गर्नुपर्छ, नभए यहाँको अस्पतालमा शयूया र जनशक्ति थप्नुपर्छ ।" बिरामीको चाप बढ्दै जाने र अस्पतालले शयूया र जनशक्ति नथप्दा चाहेर पनि आएका सबै बिरामीलाई किमो दिन नसकिएको उनी बताउँछन् । अस्पतालले केमो चढाएको एक पटकको रु ५०० शुल्क लिने गरेको छ । केमो खरिद अस्पतालको फार्मेसीमा छुट्टै गर्नुपर्छ । बिरामीको रोगको प्रकृति र औषधि उत्पादक कम्पनीअनुसार केमोको मूल्य रु १०० देखि लाखौँसम्म पर्ने उनको भनाइ छ ।

अस्पतालमा बिरामीलाई सामान्यतया दुई हप्ताको फरकमा १२ पटक र तीन हप्ताको फरकमा छ पटकसम्म किमो दिने गरिन्छ । कतिपय बिरामीको तीन वर्षसम्म पनि किमो लगाउनुपर्ने हुन्छ । किमो लगाउनका लागि नेपालभर र भारतीय सीमा क्षेत्रबाट पनि यहाँ बिरामी आउने गर्दछन् । लामो समय पालो कुर्नु परेपछि यहाँ आएका बिरामी निजी अस्पतालमा जान बाध्य हुने गरेका छन् ।

चितवन मेडिकल कलेज (सिएमसी)को भगिनी संस्था सिएमसी क्यान्सर इन्स्टिच्युटले सरकारी क्यान्सर अस्पतालकै शुल्कमा किमोलगायतका क्यान्सर उपचार सेवा दिने गरेको छ । बाहिरी जिल्ला जानुभन्दा भरतपुर आएका बिरामी यस इन्स्टिच्युटमा जाने गरेका छन् । चितवन मेडिकल कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाले अन्य अस्पतालमा लामो पालो कुर्नुपरेका बिरामीसमेत यस इन्स्टिच्युटमा आउने गरेको बताए । उनले भने-"हामीले सरकारी अस्पतालको शुल्कमा सेवा प्रवाह गर्ने कुरा धेरैलाई थाहा नभएकाले थाहा पाउनेहरू आउनुभएको छ ।"

इन्स्टिच्युटले पछिल्लो समय बिरामीको संख्या बढ्दै गएको जनाएको छ । जिल्लाका केही निजी अस्पतालहरूले मापदण्ड पूरा नगरी किमो दिने गरेको गुनासो छ । केही बिरामी यहाँ सरकारीमा पालो नपाएपछि भारत, काठमाडौँलगायतका ठाउँमा समेत जाने गरेका बताइएको छ ।

९ दलद्वारा...

स्टाटसमा मात्रै देखिने होइन । यतिखेर त प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाउने, प्रदेश र स्थानीय सरकारसँग संवाद गर्नुपर्ने हो । तर खै ?' उनले भने-'यस्तो बेला पनि प्रधानमन्त्री भाउ खाएर, ठालु भएर बस्ने ? यो बेला सबैलाई जोड्ने प्रयास गर्नु पर्दैन ? सबैको भएर सबैलाई समेटेर जाने प्रयास गर्नु पर्दैन ? गर्नुपर्छ भन्ने हाम्रो माग पनि छ ।'

बैठकमा दलका नेताहरूले संवेदनशील विषयमा प्रधानमन्त्री र गृहमन्त्रीको अनुपस्थितिले थप अन्योल सिर्जना भएको भन्दै सरकारलाई जिम्मेवार भएर प्रस्तुत हुन आग्रह गरेका थिए ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले भीड नियन्त्रण गर्न सरकार किन असफल भइरहेको विषयमा दलका नेताहरूले चासो प्रकट गरेको बताए ।

नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकार संवेदनशील बन्न नसकेको बताए । संवेदनशील समयमा सबै पक्षले संयमता अपनाउँदै सामाजिक सद्भाव र आपसी विश्वास कायम राख्न अग्रसर हुनुपर्नेमा उनले जोड दिए ।

राष्ट्रिय महत्त्वका संवेदनशील विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकार किन साझा समाधानतर्फ अग्रसर हुन सकिरहेको छैन भन्ने गम्भीर प्रश्न उठेको प्रचण्डले जनाए । सर्वदलीय बैठकमा प्रधानमन्त्री बालेन्द्र साह र गृहमन्त्री सुदन गुरुङ गएनन् । उनीहरु वैठकमा नगएकोमा धेरैले आलोचना गरेका छन् ।

लुम्बिनीमा ...

वातावरण तथा पर्यटन मन्त्रालय, शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय रहनेछन् ।

त्यसैगरी मन्त्रीपरिषद् बैठकले प्रदेश कृषि सेवाका दुई वरिष्ठ अधिकृतलाई स्थायी नियुक्ति तथा पदस्थापन गर्ने निर्णय पनि गरेको छ । प्रदेश लोकसेवा आयोगको सिफारिसका आधारमा रामप्रसाद पाण्डेलाई कृषि विकास निर्देशनालय, रूपन्देही र भाष्कर पौडेललाई पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, रूपन्देहीको महानिर्देशक पदमा नियुक्त तथा पदस्थापन गर्ने निर्णय गरिएको मन्त्री खत्रीले जानकारी दिए ।

## हार्दिक समवेदना

जन्म :
वि.स. २००४।०५/०४



निधन:
वि.स. २०८३/०४/१०

स्व. अर्जुन ज्ञवाली

यस सहकारीका सल्लाहकार, शेयर सदस्य, अग्रज पत्रकार एवं मुर्धन्य व्यक्तित्व **अर्जुन ज्ञवाली**को यही मिति २०८३ साउन १० गते राति ८० वर्षको उमेरमा उपचारका क्रममा भएको अकल्पनीय निधनले हामी स्तब्ध र मर्माहत भएका छौं । शोकको यस दुःखद् घडीमा मृतआत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नित्यानन्द ज्ञवाली**
**अध्यक्ष एवम्**
**सुमेरू बचत तथा ऋण सहकारी संस्था लि. बुटवल परिवार**
तिलोत्तमा-१, शंकरनगर, रुपन्देही

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**राहदानीका लागि लामः**
काठमाडौँको त्रिपुरेश्वरस्थित रादहानी विभागमा राहदानीका निम्ति बुधबार लामबद्ध सेवाग्राही । तस्विरः रासस

# स्याङ्जामा ६८ प्रतिशत पुँजीगत खर्च



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जामा गएको आर्थिक वर्ष २०८२/०८३ मा झण्डै ६८ प्रतिशत पुँजीगत खर्च भएको छ । पुँजीगत शिर्षकमा संघ र प्रदेशबाट विनियोजित दुई अर्ब तीन करोड १९ लाख ६ हजार रकममध्ये एक अर्ब ३७ करोड ६० लाख ९९ हजार रकम खर्च हुँदा झण्डै ६८ प्रतिशत अर्थात् ६७ दशमलब ७२ प्रतिशत पुँजीगत खर्च भएको हो ।

गएको वर्ष समग्रमा ६८ प्रतिशत पुँजीगत खर्च हुँदा संघतर्फको पुँजीगत ८१ प्रतिशत र प्रदेशबाट विनियोजित पुँजीगत ६६ प्रतिशतमात्रै खर्च भएको छ । संघबाट प्राप्त १७ करोड ३३ लाख ३४ हजार रकममध्ये १४ करोड १२ लाख ५ हजार रुपैयाँ खर्च हुँदा ८१ प्रतिशत र प्रदेशतर्फको एक अर्ब ८५ करोड ८५ लाख ७१ हजार रकममध्ये ६६ प्रतिशतले हुने एक अर्ब २३ करोड ४८ लाख ९३ हजार रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले जनाएको छ ।

जिल्लामा भौतिक पूर्वाधार निर्माणका लागि धेरै रकम पुँजीगत शीर्षकमा प्राप्त गर्ने कार्यालयको पुँजीगत खर्च न्यून रहेको छ । प्रदेश सरकारबाट बढीमात्रामा पुँजीगत रकम प्राप्त गर्ने डेढ दर्जन कार्यालयमध्ये जिल्लाकै सबैभन्दा धेरै रकम प्राप्त गरेको पूर्वाधार विकास कार्यालयको पुँजीगत खर्च अत्यन्त न्यून रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाका निमित्तप्रमुख विष्णुप्रकाश श्रेष्ठले जानकारी दिए ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार पूर्वाधार विकास कार्यालयलाई गएको वर्ष प्राप्त एक अर्ब ७ करोड तीन लाख ५२ हजारमध्ये ५८ करोड २३ लाख ६३ हजार अर्थात् ५४ प्रतिशतमात्रै पुँजीगत शीर्षकको रकम खर्च भएको छ । पूर्वाधार विकास कार्यालयबाट एक आर्थिक वर्षमा ४८ करोड ७९ लाख ८९ हजार रुपैयाँ फिर्ता भएको छ । विकासे अड्डाका रुपमा परिचित पूर्वाधार कार्यालयबाट मोटो रकम फिर्ता हुँदा जिल्लामा विकास निर्माणका गतिविधि सुस्ताएका छन् ।

त्यस्तै पर्यटन तथा उद्योग कार्यालयको ६ करोड एक लाख ९५ हजारमध्ये ७३ प्रतिशत, सामाजिक विकास कार्यालयको ६ करोड ८ लाख ६१ हजारमध्ये ८१ प्रतिशत र जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको २० करोड ५२ लाख रकममध्ये झण्डै ८२ प्रतिशतमात्रै पुँजीगत रकम खर्च भएको छ । उता पुँजीगत शीर्षकमा ४१ करोड ५४ लाख ७० हजार बजेट पाएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले ९० प्रतिशत पुँजीगत रकम खर्च गर्न सफल भएको लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

लेखा नियन्त्रक कार्यालयले जनाएअनुसार जिल्लामा गएको वर्ष कुल बजेटको ८९ प्रतिशत रकम खर्च भएको छ । विनियोजित कुल १० अर्ब ८२ करोड ६३ लाख ९४ हजार रकममध्ये ८९ प्रतिशत अर्थात ९ अर्ब ६७ करोड ९४ लाख ४३ हजार रुपैयाँ खर्च भएको छ । चालु शीर्षकमा विनियोजित मोटो रकम खर्च हुँदा कुल बजेटको बढी प्रतिशत रकम खर्च भएको देखिएको जनाइएको छ ।

जिल्लामा गएकै वर्ष चालु खर्चअन्तर्गत विनियोजित कुल ८ अर्ब ७९ करोड ४४ लाख ८८ हजारमध्ये ८ अर्ब ३० करोड ३३ लाख ४४ हजार अर्थात ९४ प्रतिशत खर्च भएको छ । चालुतर्फ संघको ७ अर्ब ९९ करोड तीन लाख ५१ हजारमध्ये ७ अर्ब ६८ करोड ३१ लाख ९५ हजार खर्च हुँदा ९६ प्रतिशत र प्रदेशबाट प्राप्त चालु शीर्षकको ८० करोड ४१ लाख ३६ हजारमध्ये ६२ करोड एक लाख ४८ हजार अर्थात् ७७ प्रतिशत खर्च भएको छ ।

# नेपालमा बाघको संख्या ४२९



बुटवल । पछिल्लो गणनाअनुसार नेपालमा बाघको संख्या ४२९ पुगेको छ । विश्व बाघ दिवसका अवसरमा बुधबार कृषि, वन तथा पर्यावरण मन्त्रालयले बाघको पछिल्लो गणना सार्वजनिक गरेको हो ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले सार्वजनिक गरेको २०८२ को गणनाअनुसार कुल बाघको संख्या मुलुकभर ४२९ पुगेको हो ।

पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा १४५, बर्दिया राष्ट्रिय निकुञ्ज ११२, पर्सा राष्ट्रिय निकुञ्जमा ७१, बाँके राष्ट्रिय निकुञ्जमा ५१ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५० बाघ छन् ।

पछिल्ला दिनमा संरक्षण क्षेत्र र बासस्थानमा भएको सुधार, सिकार प्रजातिको वृद्धिलगायतका आधारमा बाघको संख्या थपिएको बताइएको छ । नेपालमा प्रायः चार वर्षमा बाघ गणना गरिन्छ । सन् २०२२ को बाघ गणनाअनुसार मुलुकमा बाघको संख्या ३५५ थियो ।

सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा १२८, त्यसपछि बर्दिया राष्ट्रिय निकुञ्जमा १२५, पर्सा राष्ट्रिय निकुञ्जमा ४१, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ र बाँके राष्ट्रिय निकुञ्जमा २५ बाघ थिए । मन्त्रालयले २००९ देखि हरेक चार वर्षमा बाघ गणना गर्दै आएको छ । नेपालमा बाघको संख्या सन् २०१० मा १२१, सन् २०१४ मा १९८ र २०१८ मा २३५ रहेको थियो ।

प्रत्येक वर्ष जुलाई महिनाको २९ मा बाघ दिवस मनाइन्छ । सन् २०१० मा रूसको सेन्ट पिटर्सबर्गमा भएको बाघ शिखर सम्मेलनको घोषणासँगै यो दिवस मनाउन थालिएको हो । तत्कालीन समयमा बाघको संख्या तीव्र रूपमा घट्दै गएको अवस्थालाई रोक्न र तिनको प्राकृतिक बासस्थानको संरक्षण गर्ने उद्देश्यले दिवस मनाउन लागिएको हो ।

बाघ स्वस्थ पारिस्थितिकीय प्रणालीको सूचक र प्राकृतिक खाद्य शृंखलाको उच्च तहमा रहेको महत्त्वपूर्ण प्रजाति हो ।

# रूपन्देही व्यापार संघ २५औं साधारणसभाको तयारीमा



बुटवल । रुपन्देही व्यापार संघको वार्षिक साधारणसभा असोजमा गर्ने निर्णय भएको छ । गत सोमबार संघको सचिवालयमा सम्पन्न नवौं नियमित बैठकले २५औं वार्षिक साधारणसभा असोजको १० गते आयोजना गर्ने निर्णय गरेको हो । संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षतामा बसेको संघको नियमित कार्यसमितिको बैठकले साधारणसभा सम्पन्न गर्नको लागि विभिन्न ९ वटा उपसमितिहरु पनि गठन गरेको छ ।

जसअन्तर्गत संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीको संयोजकत्वमा कार्यसमिति सदस्यहरु शोभाकुमारी जोशी, हरिबहादुर सुनार, नारायण बस्याल र मणि खनाल सदस्य रहेको स्वागत सत्कार उपसमिति तथा प्रथम उपाध्यक्ष ऋषिराम पाण्डेको संयोजकत्वमा कार्यसमिति सदस्यहरु केदारनाथ नेपाल, सरोज गहतराज, विजय ज्ञवाली, पारसमणि पोखरेल, सरोज ज्ञवाली र माधव ज्ञवाली सदस्य रहेको रजिष्टेशन उपसमिति गठन गरेको छ ।

संघका द्वितीय उपाध्यक्ष मनहरि बस्यालको संयोजकत्वमा कार्यसमिति सदस्यहरु गोपाल भुसाल र मुरारीराज भण्डारी सदस्य रहेको दिवाभोज उपसमिति तथा महासचिव प्रकाशराज पौडेल संयोजक रहने गरी मानार्थ सदस्य फर्शुराम पन्त र कार्यसमिति सदस्य धर्मराज ज्ञवाली सदस्य रहेको प्रतिवेदन लेखन तथा कार्यक्रम तयारी उपसमिति गठन गरेको छ ।

यस्तै संघको नियमित बैठकले कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराईको संयोजकत्वमा कार्यसमिति सदस्यहरु गोविन्द चापागाईं, तेजेन्द्र सापकोटा, लक्ष्मी भट्टराई र प्रेमनाथ पाण्डे सदस्य रहेको आर्थिक उपसमिति तथा सचिव जयलाल न्यौपानेको संयोजकत्वमा कार्यसमिति सदस्यहरु टेकराज पन्थी, विनित भट्टराई, शाखा अध्यक्षहरु तुल्सीराम शर्मा, तारा शाक्य, केशवराज ज्ञवाली र संघका २४ वटै वस्तुगत उप-समितिका संयोजकहरु सदस्य रहने गरी प्रचारप्रसार उपसमिति गठन गरेको छ ।

यस्तै बैठकबाट संघको महिला सचिव वृन्दा भट्टराई आचार्यको संयोजकत्वमा कार्यसमिति सदस्यहरु ईशु देवकोटा र अशोक ज्ञवाली सदस्य रहेको मञ्च व्यवस्थापन उपसमिति तथा सह-सचिव नलराज नेपालको संयोजकत्वमा कार्यसमिति सदस्य जिवन काफ्ले, तिलक आचार्य, कुलबहादुर विसी र देवी शर्मा चपाईं सदस्य रहेको शाखा समन्वय उप-समिति एवं सह-कोषाध्यक्ष जीवनारायण घिमिरेको संयोजकत्वमा कार्यसमिति सदस्यहरु टेकराज पन्थी र विमल नेपाल सदस्य रहने गरी अतिरिक्त क्रियाकलाप उप-समिति गठन गरिएको छ ।

यस्तै सोही अवसरमा संघका सह-कोषाध्यक्ष जीवनारायण घिमिरेको संयोजकत्वमा प्रकाशित संघको व्यापार बुलेटिन पनि विमोचन गरिएको थियो ।

संघको नियमिति बैठकले वार्षिक साधारणसभाको तयारीलाई व्यवस्थित गराउँदै संघको सदस्यता विस्तार एवं नविकरण प्रक्रियालाई पनि सँगसँगै अगाडि बढाउने निर्णय गरेको संघका महासचिव प्रकाशराज पौडेलले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# बुटवल अटोले मनायो ३१औं स्थापना दिवस



बुटवल । बुटवल अटो इञ्जिनियरिङ्ग एशोसिएसन, रुपन्देही-लुम्बिनीले आफ्नो ३१औँ स्थापना दिवस विभिन्न सामाजिक, वातावरणीय, स्वास्थ्य तथा खेलकुदमूलक कार्यक्रम सम्पन्न गर्दै बुधबार भव्य रूपमा समापन गरेको छ ।

"आफ्नो पेशाको सम्मान गरौं, अटो मेकानिक्स हुनुमा गर्व गरौं" भन्ने मूल नारासहित साउन ३ गतेदेखि सञ्चालन गरिएको एक साताव्यापी कार्यक्रमको सम्मान समारोहमार्फत गरिएको हो ।

समारोहका प्रमुख अतिथि बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेले अटो क्षेत्र तीव्र रूपमा परिवर्तन भइरहेकाले व्यवसायी तथा प्राविधिकहरू अब विद्युतीय (इभी) सवारीसाधनको मर्मत तथा प्रविधिमा दक्ष हुनुपर्ने बताए । विश्वभर इभी सवारीको प्रयोग बढ्दै गएको उल्लेख गर्दै उनले समयअनुसार सीप र प्रविधिलाई अद्यावधिक गर्न नसके प्रतिस्पर्धामा टिक्न कठिन हुने भएकाले अटो मेकानिक्सलाई आधुनिक प्रविधिमैत्री बन्न आग्रह गरे ।

एशोसिएसनका अध्यक्ष प्रेम गौचनले ३१ वर्षदेखि संस्थाले अटो व्यवसायीको हकहित, व्यावसायिक मर्यादा र दक्ष जनशक्ति उत्पादनका लागि निरन्तर काम गर्दै आएको बताए । उनले बदलिँदो प्रविधिसँगै सदस्यहरूको क्षमता अभिवृद्धिका लागि आगामी दिनमा इभी प्रविधिसम्बन्धी तालिम, सीप विकास तथा व्यवसाय प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकता दिइने जानकारी दिए । स्थापना दिवस सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सदस्य, सहयोगी संस्था तथा शुभेच्छुकप्रति उनले आभार व्यक्त गरे ।

कार्यक्रममा चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका अध्यक्ष टंक पोखरेल, अटोमेकानिक्स व्यवसायी महासंघका निवर्तमान अध्यक्ष जनार्धन गैरे, सामाजिक सुरक्षा कोष बुटवल रुपन्देही कार्यालयका प्रमुख केदार पोखरेल, एशोसिएसनका निवर्तमान अध्यक्ष तुल्सिराम न्यौपाने, संरक्षण सल्लाहकार ज्योति भण्डारी, उपाध्यक्ष बाबुराम आचार्य तथा महासचिव पुनित पोखरेललगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै अटो क्षेत्रलाई आधुनिक प्रविधिसँग जोड्दै दक्ष जनशक्ति उत्पादन, सामाजिक सुरक्षा र व्यवसायको संस्थागत विकासमा जोड दिएका थिए ।

स्थापना दिवसको अवसरमा साउन ३ गते अटो भिलेज परिसरमा सरसफाइ तथा डस्टबिन वितरण, साउन ४ गते वृहत् रक्तदान, साउन ५ गते वृक्षारोपण, साउन ८ गते व्याडमिन्टन प्रतियोगिता तथा साउन ९ गते फुटसल प्रतियोगितालगायतका कार्यक्रम सम्पन्न गरिएका थिए । सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण, रक्तदानमार्फत मानवीय सेवा र खेलकुदमार्फत् सदस्यबिच आपसी एकता तथा भाइचाराको भावना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको एशोसिएसनले जनाएको छ ।

समापन समारोहमा स्थापना दिवसअन्तर्गत आयोजित विभिन्न कार्यक्रम सफल बनाउन योगदान पुऱ्याउने सदस्य, सहयोगी तथा सक्रिय सहभागीहरूलाई सम्मानसमेत गरिएको थियो ।

# सिद्धबाबा मन्दिरमा जलार्पण कार्यक्रम सुरु



बुटवल । सिद्धबाबा मन्दिरमा साउन महिनामा श्रावणी मेला तथा जलार्पण सुरु भएको छ । विगतका वर्षहरुमा जस्तै साउन १३ गतेदेखि भदौं ७ गतेसम्म विभिन्न पवित्र धार्मिक स्थलबाट जल ल्याएर सिद्धबाबा मन्दिरमा अर्पण गर्ने कार्य सुरु भएको हो । बुधबार सिद्धसरोवर (भूतखोला) देखि सिद्धबाबामा जल ल्याइ जलार्पण गरी श्रावणी मेलाको सुरुआत गरिएको सिद्धबाबा मन्दिर विकास समितिका अध्यक्ष अरविन्द पाण्डेले बताए ।

साउन २१ गते रुरुक्षेत्र रिडीबाट सिद्धबाबा मन्दिरसम्म जलार्पण गरिने छ भने, साउन २७ गते त्रिवेणीदेखि सिद्धबाबासम्म जल ल्याएर अर्पण गरिने अध्यक्ष पाण्डेले बताए । भदौ ७ गते एकादशीमा देवघाट सिद्धबाबा जर्लापण गरिने समितिका सचिव विष्णु पाण्डेले बताए । सिदपुरुष भर्तृहरिको तपोभूमि सिद्धबाबा पश्चिम नेपालको पशुपतिको रुपमा विकास हुँदै गएको सचिव पाण्डेले जानकारी दिए ।

विगत ८ वर्षदेखि सिद्धबाबा जलार्पण हुँदै आएको छ । मन्दिरमा पुरातात्विक, धार्मिक एवं पर्यटकीय दृष्टिलेसमेत महत्वपूर्ण भएकाले साउनमा शिव भगवानलाई जल चढाउन श्रद्धालुहरुको घुइँचो लाग्ने गरेको छ । साउन महिनामा मात्रै मन्दिरमा १ लाखभन्दा बढी भक्तजनले श्रावणी मेलामा सिद्धबाबाको दर्शन गर्ने गरेका समितिका कोषाध्यक्ष तोया लम्सालले बताए । विशेषगरी साउनको सोमरबार र शनिबार मन्दिरमा भक्तजनको ठूलो भीड लाग्ने गर्छ । मन्दिरले भक्तजनका लागि निःशुल्क आफ्नै बस सञ्चालनमा ल्याएको छ । अब दुई वटा विद्युतीय गाडी पनि थप गर्ने समितिले जनाएको छ ।

सिद्धबाबा मन्दिर पाल्पाको तिनाउ गाउँपालिका वडा नम्बर-३ मा रहेको छ । यो ठाउँमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको प्रस्थान स्थानमा अवस्थित छ । सिद्धार्थ राजमार्ग र सुरुङमार्गले मन्दिर र धर्मशालालाई कुनै असर नगर्ने भएपछि अबको आम्दानी मन्दिरको पुनर्निमाणमा खर्च गरेर मन्दिरको गरिमा बढाउने कोषाध्यक्ष लम्सालले बताए । मन्दिरमा वार्षिक १ करोडभन्दा बढी आम्दानी हुने गरेको छ ।




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com